नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.....................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

प्राप्त पत्र संख्या :-

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

मिति : .........................

विषय :-

२०७२।१।१७

**उद्धारकर्ता, घाईते एवं नागरिक समाज र सम्पूर्ण नेपाली दाजुभाई तथा दिदी बहिनीहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती**

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने महामारीजन्य रोग रोकथामहरुको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७२/०१/१७ गतेसम्म गरेको कार्य देहाय बमोजिम रहेको कुरा सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

१. अन्तराष्ट्रिय उद्धारकर्मी तथा उपचार टोलीहरु सेवा दिईरहेको स्थानहरु :

- मिति २०७२/०१/१६ गतेसम्म भुकम्प प्रभावित विभिन्न क्षेत्रहरुमा २३ वटा राष्ट्रिय अन्तरराष्ट्रिय मेडिकल टीमहरु परिचालन भैसकेको छ । यसका अतिरिक्त आजबाट ९ वटा मेडिकल टीम थप गरी ३२ वटा टीम परिचालन गरिएकोछ ।
- राजिव धमला ९८५१०३०३८६ ले ३० जना विरामीलाई खाना र घर पठाउने काम गरेकोछ ।
- औषधी उपकरण टेन्ट समृत प्याकेज वनाई १२ जिल्लामा पठाई Cluster Member लाई बाँडने
- भुकम्प प्रभावित जिल्लामा WHO को Surveillance Medical officer ले समन्वय गरी DHO को लाई सहयोग गर्ने ।
- HUB Hospital का coordinator हरुले त्यस HUB अन्तर्गत मा भएका Minor, Major operation हरुको तथ्याङ राख्ने र बाँकी operation हरुको योजना बनाउने ।
- भोली देखि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा Toll Free Telephone सेवा सुरु गर्ने ।
- काठमाण्डौं मेडिकल कलेजमा भर्ना भएका घाईतेहरुलाई निःशुल्क रुपमा उपचार र खानाको प्रवन्ध गरेको छ साथै मिति २०७२ बैशाख १८ बाट १५ जनाको मेडिकल टीम सिन्धुपाल्चोक चौतारामा पठाउने प्रवन्ध मिलाएको छ ।
- औषधि उपकरणको भन्सार Clearance को लागि काठमाण्डौं एयरपोर्ट लगायत सबै भन्सार कार्यालयहरुमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रतिनिधिको व्यवस्था गर्ने ।
- Chinese surveillance/Diagnostic Team को लागि डा. गिता शाक्यलाई संयोजक तोकियो ।
- हालको आवश्यकतालाई पुरा गर्नको लागि रक्तसंचार केन्द्रहरुमा रगतको संचित रहेको तर उद्धारकार्य जारी रहँदा थप रगतको आबश्यकता पर्ने भएकोले सम्पूर्ण रक्तदाता संघ संस्था तथा व्यक्तिहरुलाई रक्तद्धानका लागि तयारी अवस्थामा बसीदिनु हुन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय रक्त संचार ब्यूरो, राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालाले अपिल गरेको छ ।
- भुकम्पका कारण फैलिन सक्ने महामारीलाई ध्यानमा राखी आबश्यक नमूना परीक्षणको लागि जनस्वास्थ्य प्रयोगशाला टेकू मा पठाउनु हुन सम्पूर्ण स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरुलाई पनि अपिल गरिएकोछ ।

२.उपकरण र औषधि पठाईएको स्थानहरु

- केन्द्रिय दैबि प्रकोप उद्धारकोषबाट प्राप्त २ करोड रुपैयाँवाट औषधि उपकरण र प्रकोप नियन्त्रण कार्यमा मात्र खर्च गर्ने गरी स्वास्थ्य सेवा विभाग, त्रि.बि.शिक्षण अस्पताल, चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठान ट्रमा सेन्टर, पाटन चिकित्सा बिज्ञान प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल, बीरेन्द्र सैनिक अस्पताल, जिल्ला जनस्वास्थ्य कार्यालयहरु क्रमशः सिन्धुपाल्चोक, गोरखा, नुवाकोट, धादिङ, रसूवा, काभ्रे,दोलखा, रामेछाप, काठमाण्डौ, ललितपुर, भक्तपुर र मकवानपुरलाई बाँडफाँड गरी आज स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पठाउने निर्णय गरेको छ ।

- २०७२।१।१७ गते ४ बजेसम्म औषधि उपकरणहरु जिल्ला स्वास्थ्य कार्यालय लमजुङ,शशस्त्र प्रहरी अस्पताल काठमाण्डौं, नेपाल प्रहरी अस्पताल काठमाण्डौं,बीरेन्द्र शैनिक अस्पताल काठमाण्डौं, रोटरी क्लब अफ चन्द्रागीरी काठमाण्डौं, सहिद मेमोरियल अस्पताल काठमाण्डौं, बीर अस्पताल काठमाण्डौं, DORM काठमाण्डौं,नरदेवी आर्यूवेद चिकित्सालयमा पठाईएको छ ।
- २०७२।१।१६ गतेसम्म उपकरण र औषधि पठाएको अतिरिक्त आज अक्सिजन ग्याँसको सिलिण्डर सर्बसुलभ रुपमा उपलब्ध गराईएको छ । यदि अक्सिजन ग्याँस चाहिएमा तपसिलका नम्वरमा सम्पर्क राख्न सकिनेछ ।
    - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : फोन न: ४२५४२२०
    - स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्र : ४२५०८४५, ४२५०८४२

**प्राप्त औषधि उपकरण र सामग्रीहरु सहयोगको बिबरण :**

- एसियन फार्मसियुटक्ल प्राईभेट लिमिटेड र नेपाल केमिस्ट एण्ड ड्रग एसोसियसनबाट औषधिहरुको सहयोग प्राप्त भएको छ ।

**३. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या**

- मिति २०७२/०१/१७ गतेसम्म उपचार पाएका घाईते तथा विरामीको जम्मा संख्या: १४,७६४
- आज मिति २०७२/०१/१७ गते ५ बजेसम्म उपचार पाएका घाईते तथा विरामीको संख्या
    - धादिङ: ३४८
    - सिन्धुपाल्चोक १२००
    - दोलखा ११६
    - नुवाकोट २५३३
    - निजामती अस्पताल २२००
    - भक्तपुर २२५८
    - रामेछाप १९
    - गोरखा २३६
    - रसुवा ७५०
    - मकवानपुर ४३८
    - काठमाण्डौ मेडिकल कलेज दुवाकोट ८९८
    - लमजुङ १९३
    - बीर अस्पताल ५७५
    - काठमाण्डौं उपत्यकाका खुला शिविरमा परिक्षण गरिएको घाईते तथा विरामीको संख्या ३००० भन्दा बढी

**४.महामारी रोकथामका लागि गरिएको प्रयासहरु**

- राष्ट्रिय दैनिक पत्रिकाहरुमा रोग रोकथाम तथा नियन्त्रण सम्बन्धि सन्देशहरु प्रकाशन गरिएको ।
- रेडियो नेपालबाट रोग रोकथाम तथा नियन्त्रण सम्बन्धि सन्देश प्रसारण गरिएको ।
- प्रभाबित सबै जिल्लाका एफ.एम. हरुबाट रोग रोकथाम तथा नियन्त्रण सम्बन्धि सन्देश प्रसारण गरिएको।
- नेपाल टेलिभिजन र प्राईभेट टेलिभिजनबाट रोग रोकथाम तथा नियन्त्रण सम्बन्धि सन्देश प्रशारण गर्ने ।
- पोस्टर, फलेक्स र होर्डिङ बोर्ड उत्पादन गरी सबै प्रभाबित क्षेत्रमा बितरण गर्ने ।
- नगरपालिकाहरुलाई मोबाईल चर्पी र सरसफाई व्यवस्थापनको लागि अनुरोध गरिएको ।
- काठमाण्डौंको १३ वटा क्याम्पहरुमा र ललितपूरको ५ वटा क्याम्पमा हेल्थ डेस्क स्थापना गरी स्वास्थ्य उपचार तथा जनचेतना अभिवृद्धि गरेको ।

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रवक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय